# कृषि विकास बैंक लि.

## प्रेस विज्ञप्ति २०६५

### १. पृष्ठभूमी

कृषि तथा ग्रामीण क्षेत्रका कृषक तथा उद्यमीलाई आवश्यक कर्जा प्रवाह गरी ग्रामीण अर्थतन्त्र माथि उठाउने उद्देश्यका साथ चार दशक अगाडि स्थापना भएको यस बैंक हाल “क” वर्गको ईजाजत प्राप्त वित्तीय संस्थाको रुपमा सञ्चालित छ । देशको पचहत्तरै जिल्लामा कार्य सञ्जाल रहेको यस बैंकले हाल विगतमा जस्तो विकासमुखी कार्यक्रम संचालनका लागि मात्र कर्जा प्रवाह नगरी शहरी तथा शहरोन्मुख क्षेत्रबाट संकलन गरेको निक्षेपलाई गुणस्तरीय ढंगले सुरक्षित क्षेत्रमा लगानी गरी उपलव्ध स्रोतको सही परिचालनमा जोड दिने गरेको छ । यसरी गरिएको लगानी तथा अन्य कारोवारबाट नाफा आर्जन गरी ग्रामीण क्षेत्रमा समेत सेवा प्रदान गर्नुपर्ने दायित्व यस बैंकको रहेको छ ।

प्रतिस्पर्धात्मक बैंकिंग वजारमा शहर देखि ग्रामीण क्षेत्रका दुर्गम स्थानसम्म बैंकिंग सेवा पुऱ्याई आर्जन गरिएको आम्दानीबाट लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनु कम चुनौतीपूर्ण छैन । बैंकले आफ्नो परम्परागत कार्यशैलीमा परिवर्तन गरिसकेको र आधुनिक बैंकिंग सञ्चालन प्रणाली अनुसार सम्पूर्ण बैंकिंग सेवा प्रदान गर्ने क्रममा थप वाणिज्य सेवा समेत विस्तार गरेको छ ।

### २. बैंकको पुनरसंरचना र सुधार

बैंकले विगतमा सरकारको विकास कार्यक्रममा प्रमुख सहयोगीको भूमिका निर्वाह गर्ने क्रममा सरकार तथा विदेशी दातृ निकायहरुको सुझावमा विभिन्न कार्यक्रमहरु संचालन गरेको र बैंकको आन्तरिक तथा बाह्य कारणहरुले गर्दा यसको वित्तीय स्थिति ह्रासोन्मुख बन्न पुगेको थियो । एशियाली विकास बैंकको सहयोगमा सन् २००२ मा विश्वविख्यात परामर्शदाता कम्पनीबाट यस बैंकको Financial and Operational Review पश्चात दिइएको प्रतिवेदन अनुसार बैंकको निष्कृय सम्पत्तिको मात्रा अत्यधिक रहेको लगायत अन्य महत्वपूर्ण सूचकांकाहरु पनि संन्तोषजनक नभएको परिप्रेक्ष्यमा यसको पुनरसंरचना अपरिहार्य भएको थियो । एशियाली विकास बैंकको सहयोग र बैंकको आन्तरिक व्यवस्थापनको दृढ संकल्प तथा कार्यनीति र अर्थ मन्त्रालय तथा अन्य नियमनकारी संस्थाहरुको सहयोगमा बैंकले यस अवधिमा महत्वपूर्ण सफलता हासिल गरेको छ । जुन निम्न तथ्यांकले पुष्टि गर्दछ ।

| सूचकांकहरु | पुनरसंरचना अघि २०६०/६१ | पुनरसंरचना पछि २०६४/६५ | फरक |
|---|---|---|---|
| खुद नाफा (करोडमा) | -८०० | १६२ | १६२ |
| नेट वोर्थ (करोडमा) | - ५९२ | ६१४ | १२०६ |
| Capital Adequacy | - २३% | १४.८८% | ३७.८८% |
| निष्कृय सम्पत्ति % | ३७ % | १०.४१ % | -२६.५९ % |
| लगानीमा रहीरहेको कर्जा (करोड) | २०९२ | ३६६१ | १५६९ |
| लगानी (करोड) | २४४१ | ३६३८ | ११९७ |
| साँवा असुली (करोड) | २१७७ | ३४२१ | १२४४ |
| व्याज आम्दानी (करोड) | २८९ | ४७४ | १८५ |
| निक्षेप (करोड) | २६२४ | ३२५५ | ६३१ |
| कर्मचारी संख्या | ४१२३ | ३३४५ | -७७८ |

**उपरोक्त अनुसारको समग्र प्रगति सूचकांकका आधारमा देशको विद्यमान असहज परिस्थितिमा पनि बैंकले हासिल गर्न सकेको यस प्रगतिलाई स्थापनाकालदेखिकै सर्वोत्कृष्ट प्रगतिको संज्ञा दिनु कुनै अत्युक्ति नहोला ।**

## ३. बैंकले आ.व. २०६४/६५ मा हासिल गरेको मुख्य मुख्य प्रगति

### ३.१. "ख" वर्गका शेयरधनीहरुलाई बैंकको साधारण शेयर विक्री

बैंकले पुराना शेयरधनीहरुको लागि छुट्याइएको साधारण शेयर विक्री तथा वाँडफाँड तथा प्रमाणपत्र वितरण कार्य सकेको छ । बैंकले छुट्याइएको रु. १२ करोड ५० लाख शेयरका लागि हिमाल, पहाड, तराईका गाउं-गाउंबाट सर्वसाधारणको अत्यधिक मात्रामा माग भई करिव रु. छ अर्व बराबरको शेयरको माग भएकोले नेपाल सरकारले बैंकको पूँजी संरचनामा परिवर्तन गरी सो वर्गका शेयरधनीहरुलाई जम्मा ४५ करोड २५ लाख वरावरको शेयर बाँडफाँड गरिएको छ । नेपालको शेयर बजारको इतिहासमा करिब **१ लाख ७७६** शेयरधनीहरुलाई शेयर विक्री गरिएको यो पहिलो घटना समेत भएको छ ।

### ३.२ बैंकको वार्षिक साधारण सभा सम्पन्न

बैंकले गत २०६४ चैत्र १७ गते काठमाडौंमा आफ्नो वार्षिक साधारण सभा सम्पन्न गरेको छ । सो साधारण सभाले बैंकको नयाँ पूँजीगत संरचना लगायत आ.व. २०६०/६१ देखि २०६३/६४ सम्मको लेखा परिक्षण प्रतिवेदन सहित बैंकको वासलात, नाफा नोक्सान विवरण र नगद प्रवाह विवरणहरु स्वीकृत गरेको छ ।

### ३.३ गैर बैंकिंग सम्पत्ति फछ्र्यौट

बैंकबाट आर्थिक वर्षको अन्त्यसम्ममा रु.२९ करोड बराबरको गैर बैंकिंग सम्पत्ति फछ्र्यौट तथा रु.६८ करोड अपलेखित कर्जा असूल गरिएको छ । यसरी समष्टिगत रुपमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा बैंकले रु. ४ अर्व ५४ करोड निष्कृय साँवा तथा व्याज असुली गरी आफ्नो वित्तीय स्थितिमा अधिकतम् सुधार ल्याई निष्क्रिय कर्जाको मात्रा कूल लगानीमा रही रहेको ऋणको १०.४१ प्रतिशतमा ल्याउन सक्षम भएको छ ।

### ३.४ पूंजीकोषमा सुधार

एशियाली विकास बैंकको सहयोगमा संचालित ग्रामिण वित्त क्षेत्र विकास कार्यक्रम अन्तर्गत बैंकको पूँजीकोषको सुदृढीकरणका लागि नेपाल सरकार मार्फत् अग्राधिकार शेयर बापत रकम प्राप्त हुनका साथै साना शेयरधनीहरुका लागि छुट्याइएको शेयर विक्री तथा बाँडफाँड पश्चात नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकको जोखिम भारित सम्पत्तिको तुलनामा पूँजीकोष ११ प्रतिशत पुऱ्याउनु पर्नेमा हाल बैंकको पूँजीकोष १४.८८% रहेको छ ।

### ३.५ ग्राहक तथा उद्यमीले बैंकबाट प्राप्त सेवा/सुविधा

- देशमा विद्यमान असहज परिस्थितिका बाबजुद सरल तथा सुलभ रुपमा कर्जा उपलब्ध
- रेमिटान्स सुविधा आ-आफ्नै घर आंगनमा
- ग्रामिण क्षेत्रको जग्गा धितोमा राखी स्वदेश तथा विदेशमा उच्च शिक्षा अध्ययनको लागि शैक्षिक कर्जा
- ग्रामिण क्षेत्रका युवाहरुलाई समेत बैंदेशिक रोजगारका लागि सहुलियत कर्जा
- देशमा विद्यमान उर्जा संकट केही हदसम्म समाधानका लागि बैकल्पिक उर्जा (सौर्य, वायोग्याँस, जलविद्युत) का लागि कर्जा
- ग्रामिण क्षेत्रमा बाणिज्य बैंकिंग सेवा विस्तार

### ३.६ साना किसान, महिला, विपन्न परिवारले प्राप्त गरेको विशेष सुविधा

- ग्रामिण साना किसान, महिला, विपन्न किसानको क्षमता अभिबृद्धि गरी उनीहरु मार्फत् गरिबी न्यूनिकरण कार्यक्रम प्रत्यक्ष रुपले ४० जिल्लामा संचालन भई रहेको । यस क्रममा २२९ वटा साना किसान विकास आयोजनाको व्यवस्थापन साना किसानहरुबाटै निर्मित साना किसान सहकारी संस्थालाई हस्तान्तरण गरिसकिएको, जसबाट साना किसान परिवार कै करिव ६०० सदस्यहरुले रोजगारी पाएको र २ लाख भन्दा बढी साना किसान परिवार लाभान्वित भएको ।
- साना किसानहरुले आन्तरिक श्रोत संकलन तथा परिचालनबाट करिव रु. १ अर्व भन्दा बढी रकम संकलन गरेको ।

- ✍ साना किसानहरुको पशु धनको सुरक्षाको लागि नेपाल सरकारको सहयोगमा पशु विमा कार्यक्रम संचालन भएको छ । यसबाट करिव १ लाख पशु धनको सुरक्षण भई करिव १० करोड प्रिमियम संकलन भएको र भविष्यमा कृषि बालीको विमा गर्ने कार्यक्रम पनि रहेको ।
- ✍ साना किसानहरुको सर्वाङ्गिण विकासको लागि कर्जाको अतिरिक्त सामाजिक, सामुदयिक ( शिक्षा, स्वास्थ्य, सरसफाई, खानेपानी, बृक्षारोपण, ग्रामिण सडक मर्मत सिप विकास तालिम आदी) कार्यक्रम संचालन गरिरहेको ।
- ✍ निकट भविष्यमा बैंकले साना किसान विकास बैंकमा रहेको आफ्नो शेयर साना किसानहरुलाई विनिवेश ( Off Load) गर्ने प्रकृया शूरु भैसकेको ।

### ३.७ बाणिज्य बैंकिंग कारोवार

(क) Remittance कारोवार : बैदेशिक एजेन्सी मार्फत् ५७५५ कारोवारबाट रु. ४७ करोड ३० लाख रकम ग्राहकलाई भुक्तानी

(ख) बैदेशिक मुद्रा कारोवार : यस कारोवार अन्तर्गत रु. ६२ लाख व्याज आम्दानी तथा रु १ करोड ७६ लाख विनिमय दर आम्दानी

(ग) SWIFT : बैंकले आफ्नै SWIFT कोड प्राप्त गरी संसारभरबाट ग्राहकहरुको रकम न्यून शुल्कमा हस्तान्तरण गर्ने कार्य शुरु गरेको ।

(घ) Online Remittance : बैंकको आफ्नै Remittance (ADBL Remit) मार्फत् देशभर Online Money Transfer सेवाको विस्तार गर्ने अन्तिम चरणमा रहेको ।

(ङ) Non Fund Business : L/C, Travellers Cheque तथा Foreign Currency को कारोवार संचालन गर्ने कार्य अन्तिम चरणमा रहेको ।

### ३.८ वैदेशिक निकायहरुसंग सम्वन्ध विस्तार

बैंकमा कार्यरत कर्मचारीहरुको बृत्ति विकास तथा बैंकसंग कारोवार गर्ने ग्राहकहरुलाई नयाँ प्रविधि तथा सिप देशमा भित्र्याउन Thailand को BAAC, Vietnam को VIVARD, Israel को MASAV संग समझदारी पत्र (MOU) मा हस्ताक्षर भइ कार्यक्रम संचालन भइरहेको र व्यवसाय प्रवर्द्धनको लागि चिनको ADBC संग सम्वन्ध विस्तारको प्रयास भईरहेको ।

## ४. बैंकले आ.व. २०६४/६५ मा हासिल गरेको ऐतिहासिक प्रगतिको प्रमुख कारणहरु

४.१ कार्यक्रम सञ्चालनमा आईपरेका प्रक्रियागत कार्यविधिहरुलाई सरलीकरण गर्दै कार्यान्वयन प्रक्रियालाई सहज बनाईएको छ जसले गर्दा पुराना निष्क्रिय ऋण तथा गैर बैंकिग सम्पत्ति फछर्यौट गर्न ठूलो सहयोग पुगेको ।

४.२ समायानुकुल बैंकले नयाँ सेवाका क्षेत्रहरुको विस्तार गरेको

४.३ बैंकले लागू गरेको व्याज/हर्जाना छुट सुविधालाई स्थानीय जनस्तरसम्म पुऱ्याउन विद्युतीय सञ्चार माध्यमहरुबाट गरिएको व्यापक प्रचार प्रसार कार्यको असर अत्यन्तै सकारात्मक रहन गएको ।

४.४ बैंकले सुशासन तथा व्यवस्थापकीय सुधार कार्यक्रममा विशेष जोड दिएको ।

४.५ कर्मचारी उत्प्रेरण (Motivation) गर्ने कार्यमा बैंकले प्रयास गरेको छ । Bonus, performance based Incentive, Career Opportunity आदि ।

४.६ असल ग्राहकहरुलाई सम्मान गर्दै व्याजमा सहुलियत दिने गरिएको छ । यसले गर्दा ग्राहकहरुमा कर्जा समयमा तिर्नु पर्छ भन्ने सोचको विकास भएको ।

## ५. चालु आर्थिक वर्ष २०६५/६६ को कार्यक्रम तथा वजेटको सारांश

| विवरण | रकम |
|---|---|
| लगानीमा रहीरहने रकम | रु. ४० अर्व |
| निष्कृय कर्जा | ८% |
| ऋण लगानी | रु ३४ अर्व ३३ करोड |
| सांवा असुली | रु ३२ अर्व ०७ करोड |
| व्याज असुली | रु ६ अर्व २६ करोड |
| खुद निक्षेप बृद्धि | रु ३ अर्व ०७ करोड |
| अनुमानित नाफा | २ अर्व १८ करोड |

## ६. ग्राहकलाई दिइने राहत कार्यक्रम

- द्वन्द्व पीडित जनआन्दोलन-२ बाट घायल भएकाहरुलाई विशेष छूट कार्यक्रम
- विपन्न परिवार, महिला दलित, अपाङ्ग र जनजातिलाई कर्जा कारोवारमा प्राथमिकता
- दुर्गम कर्णाली अञ्चलका गा.वि.स.मा ५० हजारसम्मको कर्जाको व्याजमा विशेष छूट
- साना तथा लघु उद्यम विकास कार्यक्रम मार्फत् थोक कर्जाको व्यवस्था गरी सेवाको पहुँच बढाउने (साना किसान विकास बैंक, ग्रामिण क्षेत्रमा रहेका लघु वित्त कारोवार गर्ने संघ संस्थाहरु)
- ज्येष्ठ नागरिक,अपांग तथा विधवा महिलालाई विशेष कार्यक्रम (मुद्धती निक्षेपमा थप ०.५०% व्याज)

## ७. यस आ.व.को कार्यक्रम तथा वजेटका विशेषताहरु

- सेवाको पहुँच बढाई विद्यमान ग्राहक संख्यामा १५ प्रतिशतले बृद्धि गर्ने ।
- वर्तमान कर्जा कारोवारमा करिव १० प्रतिशतले वृद्धि
- अन्तरिम योजना (नेपाल सरकारको तीन वर्षे राष्ट्रिय योजना) मा कृषि तथा ग्रामीण कर्जा सम्बन्धी कार्यक्रममा योगदान
- नेपाल सरकारको निर्देशन अनुसार प्राथमिकता प्राप्त क्षेत्रहरु (चिया, कफी, फलफुल, बैकल्पिक उर्जा आदी) मा कर्जा कार्यक्रम सञ्चालन गर्ने
- आ.व. २०६५/६६ को लागि नेपाल सरकारको बजेट कार्यक्रम प्राप्त भएपछि सो अनुसार ग्रामिण क्षेत्रमा संचालन गर्ने कार्यक्रमहरु आवश्यकता अनुसार परिमार्जन गरी लागू गर्ने ।
- निष्क्रिय कर्जा तथा गैर बैंकिंग सम्पत्ति न्यूनीकरण अभियान

## ८. एशियाली विकास बैंकको सहयोगमा संचालित Rural Finance Sector Development Cluster Program (RFSDCP) र भविष्यमा प्रदान गरिने थप सहयोग

- एशियाली विकास बैंक र नेपाल सरकार बीच RFSDCP (Cluster I) कार्यान्वयन गर्न नोभेम्बर २००६ मा ५६ मिलियन डलर ऋण, ८.७ मिलियन डलरको अनुदान सम्झौता भएकोमा ऋण रकममध्ये प्रथम तथा दोश्रो किस्ताको सम्पूर्ण शर्तहरु सम्पन्न भइ सकेकोले ५६ मिलियन अमेरिकी डलर एशियाली विकास बैकबाट नेपाल सरकारले प्राप्त गरिसकेको छ र सो रकम बैंकले अग्राधिकार शेयर (इरिडिमेवल) जारी वापत प्राप्त गरिसकेको छ ।

- यस परियोजना अन्तर्गत बैंकको नयाँ व्यवस्थापन सूचना प्रणाली Core Banking System (CBS) खरीद गर्नका लागि Invitation to Bidders अन्तर्राष्ट्रिय वोलकवोल आब्हान गरिएको छ। यस कार्यक्रम अन्तर्गत नै व्यवस्थापन सूचना प्रणाली विज्ञ र बजार व्यवस्थापन विज्ञको नियुक्ती भई काम शुरु भैसकेको छ भने जनशक्ती व्यवस्थापन विज्ञ र लेखा तथा वित्त व्यवस्थापन विज्ञका लागि विज्ञापन भैसकेको छ र नियुक्ती सम्वन्धी कामको थालनी भैसकेको छ।

- उपरोक्त परामर्शदाताहरु बाहेक अमेरिकी डलर ५ लाखको प्राविधिक सहयोग अन्तर्गत परामर्शदाताहरु कार्यरत रहेका छन्।

- **बैंकले यस कार्यक्रम अन्तर्गतका कार्यहरु तोकिएको समयमा सम्पन्न गरी उदाहरणीय कार्य गरेकोले एशियाली विकास बैंकले <u>यस कार्यक्रमको व्यवस्थापन समुहलाई Award प्रदान गरेको छ।</u> यसबाट बैंकको व्यवस्थापन तथा कर्मचारीहरुलाई उत्साहजनक रुपमा काम गर्न थप हौसला मिलेको छ।**

- एशियाली विकास बैंकले कृषि विकास बैंकको सुदृढीकरणलाई निरन्तरता दिन सन् २००९ देखि व्यवसाय प्रकृया, जोखिम व्यवस्थापन लगायतका प्राविधिक क्षेत्रमा विषय विशेषज्ञहरुको प्राविधिक सहयोग गर्ने भएको छ।

- एशियाली विकास बैंकबाट बैंकको पुनसंरचना तथा सुधारको निरन्तरतालाई गति दिन Rural Finance Sector Development Cluster Program II कार्यान्वयन गरिने भएको छ। यस सम्वन्धमा एशियाली विकास बैंकबाट Project Preparatory Technical Assistance निकट भविष्यमा कार्यान्वयनमा ल्याइने जानकारी प्राप्त भएको छ।

## ९. शेयरपूंजीको विद्यमान संरचना र भविष्यमा हुने परिवर्तन

९.१ यस बैंकको साधारण जारी पूँजी रु. ३ अर्व २० करोड मध्ये हाल नेपाल सरकारको स्वामित्वमा रु १६२.५० करोड र १ लाख भन्दा बढी साना शेयरधनीहरुको स्वामित्वमा रु ४५.२५ करोड रहेको छ। साथै चालू आ.व.मा बैंकले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन अनुसार रु.९६ करोड (३०%) सर्व साधारणलाई र कर्मचारीको उत्प्रेरणा तथा स्वामित्वको भावना विकास गरी बैंकको समष्टिगत उत्पादकत्व बृद्धि गर्न कर्मचारीहरुलाई रु १६.२५ करोड जारी गरिने छ। यी शेयरहरुको निष्कासन पश्चात नेपाल सरकारको स्वामित्वमा रहेको शेयरको अनुपात करिव ५१ प्रतिशत रहनेछ। तत्पश्चात विनिवेशीकरण योजना अनुसार नीजि क्षेत्रको सहभागितामा थप बृद्धि गर्ने कार्यक्रम समेत रहेको छ।

९.२ ग्रामिण वित्त क्षेत्र विकास कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट Capital Injection भएको अमेरिकी डलर ५६ मिलियन र बाँकी साँवा तथा ब्याज अग्राधिकार शेयरमा परिणत गरी हाल कृषि विकास बैंकको अग्राधिकार शेयर पूँजी रु ८ अर्व ७० करोड रहेको छ।

९.३ साधारण र अग्राधिकार शेयर समेत गरी यस बैंकको चुक्ता पूँजी रु ११ अर्व ९० करोड पुग्नेछ। यसरी यस बैंक राष्ट्रको सबै भन्दा बढी पूँजीकोष भएको बैंकको रुपमा स्थापित भएको छ। यसबाट बैंकलाई ग्रामिण क्षेत्रमा अझ बढी सेवा विस्तार गर्न सहयोग पुगेको छ।

## १०. बैंकको कारोवारबाट परेको प्रभाव

- ✍ कृषि तथा पशुपालनमा व्यावसायिकरण (दुध, मासु, अण्डा, माछा, तरकारी)
- ✍ रोजगारीको थप अवसरको सृजना
- ✍ कृषि उत्पादन निर्यात ( बेमौसमि तरकारी, जडीबुटी, फलफुल तथा चिया कफी)
- ✍ भौतिक पूर्वाधार विकास (विद्युत, सिंचाई, यातायात, संचार, कलकारखाना)
- ✍ बैकल्पिक उर्जा (बायोग्याँस, लघु जलविद्युत, सौर्य उर्जा)
- ✍ गरीवि न्यूनीकरण

११. **कम्पनीमा रुपान्तरण पश्चात भईरहेको सुधार र निकट भविष्यमा सम्पन्न गरिने कार्यहरु**

- सम्पूर्ण बैंकिंग सुविधा प्रदान गर्न अन्तर्राष्ट्रिय स्तरको आधुनिक बैंकिंग Software, Hardware खरीद र ATM सेवा विस्तार गर्ने
- Market Exploration, Market Opportunities का आधारमा सेवा तथा कार्यक्षेत्र (Network) विस्तार
- Model Banking शुरुवात
- Banking Working Hour मा विस्तार गर्ने
- ग्रामिण क्षेत्रमा सम्पूर्ण बैंकिंग सेवा क्रमिक रुपम विस्तार गर्ने
- सेवा/व्यवसायको दायरा अझ बढाउदै लैजाने
- Core Banking System(CBS) खरीद तथा सो को कार्यान्वयन सम्पन्न भई सके पछि बैंकको समष्टिगत उत्पादकत्व र प्रभावकारीतामा उल्लेखनीय बृद्धि हुने ।
    - बैंकका सम्पूर्ण कार्यालयहरुलाई Computer Networing गरिने
    - सबै किसिमको Banking सेवा सम्पूर्ण कार्यालयहरु मार्फत् गाँउ गाँउ सम्म पुग्ने
    - बैंकको सेवाको दायरामा Loan कारोवार गर्ने र Banking Service लिन देशभरका कार्यालयमा जनता आउने
    - आधुनिक बैंकिंग सेवा देशभरमा ग्रामिण क्षेत्रमा विस्तार गरिने ।

अन्त्यमा देशको विद्यमान असहज परिस्थितिका वावजुद बैंकलाई सर्वोत्कृष्ट प्रगति हासिल गर्ने कार्यमा प्रत्यक्ष एवं परोक्ष तवरले सहयोग पुऱ्याउने एशियाली विकास बैंक, नेपाल राष्ट्र बैंक, नेपाल सरकार अन्तर्गतका विभिन्न निकाय (मन्त्रालयहरु तथा राष्ट्रिय योजना आयोग) प्रति आभार व्यक्त गर्दछौं । साथै बैंकलाई यस अवस्थामा ल्याउन लामो समयदेखि बैंकमा आवद्ध सम्पूर्ण ग्राहक वर्ग एवं आम नेपालीलाई सुसूचित गरिरहनु भएका संचारकर्मीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं र आउने दिनहरुमा पनि यहाँहरुको निरन्तर सहयोगको अपेक्षा गरिएको छ ।